स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः ४ | मितिः २०७९/०३/३१

भाग — १

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक ऐन, २०७९

आर्थिक ऐन, २०७९

प्रस्तावनाः कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७९ रहेको छ ।
(२) यो ऐन २०७९ श्रावण १ गते देखि कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा लागु हुनेछ

२. **सम्पत्ति करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत) :** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम मालपोत कर लगाईने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा बहाल करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उधोग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार,स्थान बिशेष र लगानीका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुली गर्दा बैङक तथा बित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिड.,प्वांख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा,ई रिक्सा र मेनुवल रिक्सा जस्ता सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधनकर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरञ्जन करः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन कर प्रदेशले तोके बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्व वा अनुसूचि (८) मा भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **पार्किङ्ग शुल्कः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम सवारी साधन पार्किङ् शुल्क लगाई असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले नगरपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** कागेश्वरी मनोहरा नगरपालिकाले निर्माण,सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ को (ङ) अनुसार अनुसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पतिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि (११) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ।

१४. **कर छुटः** कर छुट सम्बन्धी व्यवस्था अनुसूची (१२) बमोजिम हुनेछ ।

१५. **दण्ड जरिवानाः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानून विपरीतका कार्य गर्नेलाई अनुसूचि (१३) बमोजिम जरिवाना गरिनेछ । कागेश्वरी मनोहरा नगरपालिका नगरकार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाको नगरकार्यपालिकाले निर्माण गरि तोके बमोजिम हुनेछ ।

१७. **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम वा कार्यविधि बनाउन सक्नेः** कागेश्वरी मनोहरा नगरपालिकाको नगरकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

१९. **साविक बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२०. **खारेजी:** साविकमा कागेश्वरी मनोहरा नगरपालिकाले लागु गर्दै आएका व्यबस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

अनुसूची (१)

घरको वनौटका आधारमा सम्पत्ति मूल्यांकन तथा करको दरः

सम्पत्ति कर प्रयोजनको लागि मूल्याङ्कन गर्दा जग्गाको हकमा अनुसूची १(ख) बमोजिम र भौतिक संरचनाको हकमा अनुसूची १(क) बमोजिम मूल्याङ्कन कायम गरी हुन आउने कुल मूल्यमा सम्पत्ति कर अनुसूची १(ग) बमोजिम लिइनेछ ।

(क) भौतिक संरचनाको मूल्यांकन देहाय बमोजिम हुनेछ ।

क्र.सं.	घर को बनोटको वर्गिकरण	प्रति वर्ग फिट रू.	ह्रासकट्टी प्रतिशतमा (प्रति वर्ष)	कट्टी गर्ने जम्मा वर्ष	कैफियत
१	भित्र काँचो बाहिर ईटामा माटोको जोडाइ भएका सबै किसिमका घर र काठैकाठबाट बनेको घर	५००	३	२५	
२	भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएका सबै किसिमका घर	६००	२	३०	
३	भित्र बाहिर पाको ईटामा सिमेन्ट छाना ढलान वा बज्रको जोडाइ भएका सबै किसिमका घर (व्यक्तिगत हाउजिंग समेत)	९००	१	७०	
४	आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर	१८००	०.७५	१००	
५	स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर व्यावसायीक	८००	०.७५	१००	
६	स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर आवासीय	६००	०.७५	१००	
७	स्टील फ्रेम स्टक्चर, आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर व्यावसायिक हाउजिङ्ग तथा अपार्टमेन्ट	२५००	०.७५	१००	

जग्गाको मूल्यांकन

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मूल्य**	**कैफियत**
१	ब्रह्मखेल गागल सडक	रु. ६,००,०००।-	
	ब्रह्मखेल ठूलाढिक सडक	रु. ६,००,०००।-	
	ठूलाढिक सातघट्टे कृषि सडक	रु. ४,००,०००।-	

	ठूलाढिक सातघट्टे कृषि सडक गोरेटो बाटो	रु. १,७५,०००।-	
	ठूलाढिक सातघट्टे कृषि सडक बाटो नभएको	रु. १,००,०००।-	
२	ठूलाढिक सातघट्टे सडक	रु. ४,००,०००।-	
	ठूलाढिक सातघट्टे सडकसँग जोडिएका साना सडक	रु. ३,००,०००।-	
	ठूलाढिक सातघट्टे सडक गोरेटो बाटो	रु. १,५०,०००।-	
	ठूलाढिक सातघट्टे सडक बाटो नभएको	रु. १,००,०००।-	
३	कागेश्वरी चक्रपथ	रु. ५,००,०००।-	
	कागेश्वरी चक्रपथ सँग जोडिएको कच्ची सडक	रु. ३,००,०००।-	
	कागेश्वरी चक्रपथ सँग जोडिएको गोरेटो बाटो	रु. १,५०,०००।-	
	कागेश्वरी चक्रपथ सँग जोडिएको बाटो नभएको	रु. १,००,०००।-	
४	भित्री पीच सडक	रु. ३,००,०००।-	
५	ढकालगाउँ सडक	रु. ३,००,०००।-	
	ढकालगाउँ सडक गोरेटो बाटो	रु. १,५०,०००।-	
	ढकालगाउँ सडक बाटो नभएको	रु. १,००,०००।-	
६	पाताली लाकीला सडक	रु. ४,००,०००।-	
	पाताली लाकीला सडक सँग जोडिएका गोरेटो बाटो	रु. ३,००,०००।-	
	पाताली लाकीला सडक सँग जोडिएका बाटो नभएको	रु. १,००,०००।-	
७	सातघट्टे गागल शहिद पार्क सडक	रु. १,५०,०००।-	
	सातघट्टे गागल सडक सँग जोडिएको गोरेटो बाटो	रु. १,००,०००।-	
	सातघट्टे गागल सडक सँग जोडिएको बाटो नभएको	रु. ५०,०००।-	
८	सातघट्टे पिपलडाँडा सडक मजुवा	रु. २,००,०००।-	
	सातघट्टे पिपलडाँडा सडक सँग जोडिएको गोरेटो बाटो	रु. १,५०,०००।-	
	सातघट्टे पिपलडाँडा सडक सँग जोडिएको बाटो नभएको	रु. १,००,०००।-	
९	अधिकारीगाउँ-ठाडो सडक	रु. २,००,०००।-	
	अधिकारीगाँउ-ठाडो सडक सँग जोडिएको गोरेटो बाटो	रु. १,५०,०००।-	
	अधिकारीगाँउ-ठाडो सडक सँग जोडिएको बाटो नभएको	रु. १,००,०००।-	
१०	आलापोट सुन्दरीजल जनमार्ग सडक	रु. ५,००,०००।-	
	आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडीएको कच्चि सडक	रु. २,५०,०००।-	
	आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडिएको गोरेटो बाटो	रु. १,५०,०००।-	
	आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडिएको बाटो नभएको	रु. १,००,०००।-	
११	कागेश्वरी चक्रपथ बाह्रबिसे सडक	रु..३,५०,०००।-	

	अन्य कच्चि सडक	रु. २,५०,०००।-	
	अन्य गोरेटो बाटो	रु. १,५०,०००।-	
	बाटो नभएको	रु. १,००,०००।-	
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. २ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मूल्य**	**कैफियत**
१	कागेश्वरी चक्रपथ (कृष्णचौर गागल खण्ड)	रु.५,००,०००।-	
२	पुरानो वडा कार्यालयबाट सुन्दरीजल सडक (जनमार्ग)	रु.५,००,०००।-	
३	२ नं. वडा कार्यालयबाट कागेश्वरी धाम सडक	रु.३,००,०००।-	
४	कृष्णचौर बस्नेतगाउँ ठूलाढिक सडक	रु.३,५०,०००।-	
५	चौतारीटार हेल्थपोष्ट सूर्यमण्डली सडक	रु.३,५०,०००।-	
६	फुयाँलगाउँ कटुवा सडक	रु.३,००,०००।-	
७	फुयाँलगाउँ सुर्यमण्डली सुवेदीगाउँ सडक (कागेश्वरी चक्रपथ खण्ड बाहेक)	रु.३,५०,०००।-	
८	विष्टगाउँ फुयाँलगाउँ थापागाउँ आकाशे सडक	रु.३,५०,०००।-	
९	अन्य कच्ची सडक	रु.३,००,०००।-	
१०	गोरेटो बाटो	रु.१,५०,०००।-	
११	बाटो नभएको	रु.१,००,०००।-	
कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ३ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मुल्य**	**कैफियत**
१	आदर्श मा.वि. त्रिवेणीचोक सडक	रु.५,००,०००।-	
२	त्रिवेणीचोक झाँगाडोल सडक	रु.५,००,०००।-	
३	भटमासेबाट वि.पि.चोक जाने सडक	रु.५,००,०००।-	
४	कागेश्वरी चक्रपथ (भीमसेनस्थान कृष्णचौर खण्ड)	रु.६,००,०००।-	
५	कागेश्वरी चक्रपथ (कृष्णचौर गागल सडक खण्ड)	रु.५,००,०००।-	
६	ब्रम्हखेल गागल सडक (ठूलाढिक सम्म)	रु.६,००,०००।-	
७	कच्ची मोटर बाटो भएका जग्गाहरु	रु.३,००,०००।-	
८	गोरेटो बाटो भएका जग्गाहरु	रु.२,००,०००।-	
९	बाटो नभएका जग्गाहरु	रु.१,५०,०००।-	
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मुल्य**	**कैफियत**
१	साँखु सडक	रु.१४,००,०००।-	
२	कागेश्वरी चक्रपथ (डाँछी भीमसेनस्थान खण्ड)	रु.८,००,०००।-	
२	कागेश्वरी चक्रपथ (भीमसेनस्थान कृष्णचौर खण्ड)	रु.६,००,०००।-	
३	कच्ची मोटर बाटो	रु.५,००,०००।-	

४	गोरेटो बाटो	रु.३,००,०००।-	
५	बाटो नभएको	रु.२,००,०००।-	
६	पेप्सी सडक	रु.१०,००,०००।-	
७	ब्रम्हखेल गागलफेदी सडक	रु.८,००,०००।-	
८	जस्पुर सडक	रु.५,००,०००।-	
कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ५ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मूल्य**	**कैफियत**
१	साँखु सडक	रु.१७,००,०००।-	
२	सहायक पिच	रु.१०,००,०००।-	
	१ राधाकृष्ण मार्ग		
	२ राधानगर		
	३ भीममाडी		
	४ मिलनचोक मूलपानी		
	५ थली सिंखडागाउँ		
	६ गजरकोट सिंखडागाउँ		
३	पेप्सी ब्रम्हखेल सडक	रु.१२,००,०००।-	
४	कच्ची सडक	रु.६,००,०००।-	
५	गोरेटो बाटो	रु.४,००,०००।-	
६	बाटो नभएको	रु.३,००,०००।-	
कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ६ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			
क्र.सं.	**सडकको नाम**	**प्रति आना मूल्य**	**कैफियत**
१	पेप्सी - ब्रम्हखेल	रु.१२,००,०००।-	
२	पिपलबोट नर्लिङ	रु.१५,००,०००।-	
३	मुखिया गाउँ - बाबाचोक	रु.१३,००,०००।-	
४	बाबाचोक - मिलनचोक	रु.१३,००,०००।-	
५	तिवारीटोल - चाँगुनारायण	रु.१२,००,०००।-	
६	दक्षीणढोका-तिवारीटोल	रु.१८,००,०००।-	
७	ग्रिनहिलसिटी भित्र	रु.१६,००,०००।-	
८	वडा भित्रका पक्की सडक	रु.१०,००,०००।-	
९	वडा भित्रका कच्ची सडक	रु.८,००,०००।-	
१०	गोरेटो बाटो	रु.५,००,०००।-	
११	बाटो नभएको	रु.४,००,०००।-	
१२	बाल गीताञ्जलि स्कूल देखि पेप्सी ब्रम्हखेल जोड्ने सडक	रु.१४,००,०००।-	
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट			

क्र.सं.	सडकको नाम	प्रति आना मूल्य	कैफियत
१	पेप्सी ब्रम्हखेल	रु.१८,००,०००।-	
२	माहान्टार तेजविनायक बाबाचोक चाँगु पुल सम्म	रु.१३,००,०००।-	
३	बोडे नर्लिग	रु.१५,००,०००।-	
४	का.म.न.पा.३२ खहरे वीरेन्द्र चोक मूलपानी सडक	रु.१७,००,०००।-	
५	कागेश्वरी मनोहरा वडा नं ९ कार्यालय हुँदै वीरेन्द्र चोक प्रहरी कार्यालयसम्म	रु.१७,००,०००।-	
६	गान्धी फोर्सपार्क तेजविनायक सडक	रु.१७,००,०००।-	
७	थापा चोक तेजविनायक सडक	रु.१२,००,०००।-	
८	हरहर महादेव फोर्सपार्क तेज विनायक	रु.१५,००,०००।-	
९	बजरङ्गवली चोक फोर्सपार्क सम्म	रु.१५,००,०००।-	
१०	हजुरको धारा गणेश स्थान	रु.१५,००,०००।-	
११	अमरसिंह चोक (वडा कार्यालय) चापाबोट	रु.१७,००,०००।-	
१२	राधाकृष्ण मन्दिर चापाबोट	रु.१२,५०,०००।-	
१३	लक्ष्मी नारायण चोक पिपलबोट राधाकृष्ण मन्दिर	रु.१०,००,०००।-	
१४	पूर्ण विनायक हजुरको धारा	रु.१२,५०,०००।-	
१५	अमरसिंह चोक (वडा कार्यालय) बाट दक्षिण बोडे जाने सडक	रु.१७,००,०००।-	
१६	बाल गीताञ्जली स्कूल देखि चालिसे दोबाटो हुँदै पेप्सी ब्रम्हखेल सडक	रु.१७,००,०००।-	
१७	बाँकी कच्ची मोटर सडकहरू	रु.७,००,०००।-	
१८	गोरेटो बाटो	रु.५,००,०००।-	
१९	बाटो नभएको	रु.४,००,०००।-	
२०	भित्री पिच सडक	रु.१०,००,०००।-	

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट

क्र.सं.	सडकको नाम	प्रति आना मूल्य	कैफियत
१	बडा नं. ९ सिमाना देखि तेज विनायक हुँदै गौरीनाथ मन्दिर सम्म सडक	रु.१८,००,०००।-	
२	वागमती कोरीडोर देखि मदन आश्रित प्रतिष्ठान हुदै फोर्सपार्क सम्म सडक	रु.१४,००,०००।-	
३	वागमती कोरीडोरको बाटो	रु.१८,००,०००।-	
४	बुद्धचोकबाट सेलिब्रेसन आउने मार्ग	रु.१०,५०,०००।-	
५	ॐ चोक, शिव चोक, किराँत चोक सडक	रु.९,५०,०००।-	
६	आर्दशनगर विनायकवस्ती (नागरिक साकोस) का शाखा बाटो	रु.१०,००,०००।-	

७	तेज विनायक गेटदेखि अधिकारी गाउँ मुलपानी ६ जाने सडक	रु.९,५०,०००।-	
८	चाँपको बोटदेखि फिक्कल हुँदै अमरसिंह चोक सम्मको सडक	रु.१०,५०,०००।-	
९	ढुङ्गेधारा आनन्द नगरका भित्री सडक ४ मिटरका सडक	रु.१०,००,०००।-	
१०	थामथली देखि फिक्कल जाने सडक	रु.९,००,०००।-	
११	तेज विनायक चोक देखि मदन आश्रित प्रतिष्ठान हुँदै एअरपोर्ट जाने सडक	रु.१४,००,०००।-	
१२	विद्या विकास-सुशान्त मार्ग तथा चिप्लेगौडा जाने भित्री सडक	रु.९,००,०००।-	
१३	साबिक १ को भित्री सडक	रु.९,००,०००।-	
१४	र्‍याडर वडा ८ -एअरपोर्ट सडक	रु.१५,००,०००।-	
१५	चाँपाबोट देखि तेज विनायक मन्दिर सम्मको सडक	रु.९,००,०००।-	
१६	वीरभद्र - नवतमधाम मार्ग	रु.१०,००,०००।-	
१७	गौरीनाथ चौक देखि अधिकारी टोल जाने बाटो	रु.१०,००,०००।-	
१८	कागेश्वरी मनोहरा ८ का भित्री कच्ची सडक	रु.८,००,०००।-	
१९	कागेश्वरी मनोहरा ८ का गोरेटो सडक	रु.५,५०,०००।-	
२०	बाटो नभएको जग्गा	रु.४,००,०००।-	

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ अन्तर्गतका सडकहरुको मूल्याङ्कन दररेट

क्र.सं.	**सडकको नाम**	**प्रति आना मूल्य**	**कैफियत**
१	पेप्सी ब्रम्हखेल सडक	रु.२०,००,०००।-	
२	खहरे वीरेन्द्रचोक सडक	रु.१९,००,०००।-	
३	खहरे वडा कार्यालय महान्टार सडक	रु.१८,००,०००।-	
४	खहरे र्‍याडर सडक	रु.१७,००,०००।-	
५	निलगिरी सनसिटी सडक	रु.१९,००,०००।-	
६	महान्टार तेजविनायक सडक	रु.१८,००,०००।-	
७	गान्धी चौकी मनोहरा मार्ग सडक	रु.१८,००,०००।-	
८	सहायक पक्की मोटरबाटो	रु.१०,००,०००।-	
९	कच्ची मोटर बाटो	रु.८,००,०००।-	
१०	गोरेटो बाटो	रु.६,००,०००।-	
११	बाटो नभएको जग्गाको	रु.४,००,०००।-	
१२	वडा कार्यालय वीरेन्द्रचोक प्रहरी प्रभाग काँडाघारी सडक	रु.१७,००,०००।-	
१३	वीरेन्द्र चोक मूलपानी सडक	रु.१७,००,०००।-	

(ख) सम्पत्ति करको दररेट निम्न बमोजिम कायम गरिएको छ ।

क्र.सं.	**घर जग्गा मूल्य**	**करको दर**	**कैफियत**
१	पहिलो १० लाखसम्म	रू.१००	

२	त्यसपछिको थप १० लाखसम्म	रू.२००	प्रत्येक वर्षका लागि प्रत्येक घर को वार्षिक रू. २०० विपद् व्यवस्थापन शुल्क बापत लाग्नेछ । (अनुसूचि १ (क) र १ (ख) बमोजिमको राजश्व रकम राजश्व शिर्षक नं. ११३१३ सम्पत्ति कर शिर्षकमा दाखिला गर्नुपर्नेछ ।)
३	त्यसपछिको थप ३० लाखसम्म	०.०१ %	
४	त्यसपछिको थप ५० लाखसम्म	०.०२ %	
५	त्यसपछिको थप १ करोडसम्म	०.०३ %	
६	त्यसपछिको ३ करोड सम्म	०.०४ %	
७	त्यसपछिको ५ करोड सम्म	०.०८%	
८	त्यसपछिको थपमा	०.२०%	

पुनश्चः

१. विपद व्यवस्थापन कोष बापत संकलन भएको रकम संकलन गर्दाको बखत **छुट्टै विवरण** तयार गर्नुपर्नेछ।

२. कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र एक व्यक्तिका नाममा दर्ता कायम रहेका घर तथा जग्गाहरुलाई एक युनिट मानी कर निर्धारण गरिनेछ ।

३. आवासियतर्फ जग्गा मूल्याङ्कनको लागि घर र घरले चर्चेको जग्गाको बढीमा ८ आनासम्मको क्षेत्रफल मात्र समावेश गर्ने, व्यावसायिकतर्फ अपार्टमेन्ट बाहेकको हकमा घर बनेको क्षेत्र (LFAR) को दुई गुणा क्षेत्र र अपार्टमेन्टको हकमा तीन गुणा जग्गा मूल्यांकनमा समावेश गरी सम्पत्ति कर निर्धारण गरिनेछ।

४. अपार्टमेन्टको हकमा व्यक्तिको लागि १००० वर्गफिटसम्म रू. २,०००।-, १००१ वर्गफिट देखि २००० वर्गफिटसम्म रू. ३,५००।- र सो भन्दा माथि जतिसुकै वर्गफिट भएपनि प्रति अपार्टमेन्ट रू. ६,०००।- का दरले सम्पत्ति कर निर्धारण गर्ने । व्यावसायिक अपार्टमेन्टको हकमा अपार्टमेन्ट उपयोगमा आएको तर हक हस्तान्तरण भैनसकेको अवस्थामा सम्बन्धित व्यवसायीसँग घर र जग्गाको क्षेत्रफल समानुपातिक रूपमा गणना गरी एकमुष्ठ सम्पत्ति कर लगाउने । तर बिक्रीको लागि राखिएको स्टकमा सम्पत्ति कर नलाग्ने ।

५. घर निर्माणको स्थलगत अवस्थालाई आधार मानी सम्पत्ति कर निर्धारण गरिनेछ । सम्पत्ति कर निर्धारण गर्दा नागरिकता, जग्गाधनी पुर्जा, निर्माण सम्पन्न/ प्रमाणीकरण/ नियमित प्रमाण पत्र, ब्लु प्रिन्ट लगायतका कागजात संलग्न गर्नुपर्नेछ ।

६. घर निर्माण सम्पन्न सिफारिस लिन आउदा घर धनिले घर निर्माण गरेको मिति स्वघोषणा गरेमा सोही मिति देखि र अन्यको हकमा वडाको प्राविधिकले निरीक्षण गरेको चालु वर्ष देखिको सम्पत्ति कर लिने

अनुसूची (२)

भूमिकर(मालपोत) को दररेट

नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम भूमिकर(मालपोत) लगाई असूल उपर गरिनेछ । यस बमोजिमको राजश्व रकम राजश्व शिर्षक नं. ११३१४ भूमिकर(मालपोत) शिर्षकमा दाखिला गर्नुपर्नेछ ।

१. कृषि प्रयोजनमा प्रयोग हुने प्रतिवद्धता गरेको जग्गामा प्रति रोपनी रू.१६।-

२. आवाशिय प्रयोजनमा प्रयोग हुने जग्गामा प्रति आना रू.२५ ।-

३. साविक गागलफेदी गाविस वडा नं. १,३ र २ को कुईकेल गाउँका जग्गामा प्रति रोपनी रू. १००।-

अनुसूची (३)

घर जग्गा वहाल करको दररेट

कागेश्वरी मनोहरा नगरपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संघ सस्थाले भवन, जग्गा, गोदाम सेड आदि आंशिक वा पुरै वहालमा लगाएका धनीसंग निजले बहालमा लगाएको बहाल अंक रकमको १० प्रतिशतका दरले वहाल कर लिइनेछ । नगरपालिकाबाट तोकिएको न्यूनतम वहाल दर भन्दा कम नभएको वहाल संझौता पेश भएकोमा सोही बमोजिम र न्युनतम दर भन्दा कम भएमा देहाय बमोजिम दरलाई आधार मानी बहाल कर निर्धारण गरिने छ । कागेश्वरी मनोहरा नगरपालिका क्षेत्र भित्र बनेका भौतिक संरचना घरको सटर कोठाहरुको घर वहाल कर असुली प्रयोजनका लागि न्यूनतम मासिक वहाल दर निम्न बमोजिम कायम गर्ने। (अनुसूचि ३ बमोजिमको राजश्व रकम राजश्व शिर्षक नं ११३२१ घर बहाल कर शिर्षकमा दाखिला गर्नुपर्नेछ)

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १,२ र ३ अन्तर्गतका सडकहरूमा बनेका घरहरूको बहाल दररेट प्रति महिना			
क्र.सं.	**व्यवसायिक (प्रति स्क्वायर फिट रू.)**	**आवासिय (प्रति स्क्वायर फिट रू.)**	**कैफियत**
१	२५।-	१०।-	
२	जग्गा भाडा प्रति रोपनी प्रति वर्ष रू. १०,०००।-		

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ अन्तर्गतका सडकहरूमा बनेका घरहरूको बहाल दररेट प्रति महिना				
क्र.सं.	**सडकको नाम**	**व्यवसायिक (प्रति स्क्वायर फिट रू)**	**आवासिय (प्रति स्क्वायर फिट रू)**	**कैफियत**
१	साँखु सडक	४०।-	२०।-	
२	कागेश्वरी चक्रपथ (डाँछी भीमसेनस्थान खण्ड)	३०।-	१०।-	
३	कागेश्वरी चक्रपथ (भीमसेनस्थान कृष्णचौर खण्ड)	३०।-	१०।-	
४	कच्ची मोटर बाटो	१५।-	१०।-	
५	गोरेटो बाटो	१०।-	८।-	
६	पेप्सी सडक	२०।-	१०।-	
७	ब्रम्हखेल गागलफेदी सडक	२०।-	१०।-	
८	जस्पुर सडक	१०।-	७।-	
९	थलि सिंखडा गाँउ क्षेत्र	२०।-	१०।-	
	वागमती फाँट व्यवसायिक कृषि प्रयोजन प्रति रोपनी प्रति वर्ष रू १०,०००।- अन्य व्यवसाय संचालन प्रति रोपनी प्रति वर्ष रू १२,०००।- ब्रह्मखेल भैरवस्थान व्यवसायिक कृषि प्रयोजन प्रति रोपनी प्रति वर्ष रू १२,०००।- अन्य व्यवसाय संचालन प्रति रोपनी रू १३,०००।-			जग्गा बहालको हकमा
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ५ अन्तर्गतका सडकहरूमा बनेका घरहरूको बहाल दररेट प्रति महिना				

क्र.सं.	सडकको नाम	व्यवसायिक (प्रति स्क्वायर फिट रू.)	आवासिय (प्रति स्क्वायर फिट रू.)	कैफियत
१	साँखु सडक	५०।-	२५।-	
२	**सहायक पिच**			
	१. राधाकृष्ण मार्ग	३०।-	१५।-	
	२. राधानगर	३०।-	१५।-	
	३. भीममाडी	३०।-	१५।-	
	४. मिलनचोक मूलपानी	३०।-	१५।-	
	५. थली सिंखडागाउँ	३०।-	१५।-	
	६. गजरकोट सिंखडागाउँ	३०।-	१५।-	
३	पेप्सी ब्रम्हखेल सडक	४०।-	२०।-	
४	कच्ची सडक	२०।-	१०।-	
५	गोरेटो बाटो	-	७।-	
कृषि प्रयोजन प्रति रोपनी प्रति वर्ष रू १५,०००।- व्यवसायिक प्रति रोपनी प्रति वर्ष रू २५,०००।-				जग्गा बहालको हकमा
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६ अन्तर्गतका सडकहरूमा बनेका घरहरूको बहाल दररेट प्रति महिना				
क्र.सं.	**सडकको नाम**	**व्यवसायिक (प्रति स्क्वायर फिट रू.)**	**आवासिय (प्रति स्क्वायर फिट रू)**	**कैफियत**
१	पेप्सी - ब्रम्हखेल	४०।-	२०।-	
२	पिपलबोट नर्लिङ	३०।-	१५।-	
३	मुखिया गाउँ - बाबाचोक	२५।-	१५।-	
४	बाबाचोक - मिलनचोक	२५।-	१५।-	
५	तिवारीटोल - चाँगुनारायण	२५।-	१५।-	
६	दक्षीणढोका-तिवारीटोल	५०।-	३०।-	
७	वडा भित्रका पक्की सडक	२५।-	१५।-	
८	वडा भित्रका कच्ची सडक	२०।-	१०।-	
९	गोरेटो बाटो	१५।-	८।-	
१०	बालगीताञ्जलि स्कूल देखि पेप्सी ब्रम्हखेल जोड्ने सडक	२५।-	१५।-	
११	ग्रिनहिल सिटि वरिपरि सडक	४०।-	२०।-	
१२	ग्रिनहिलसिटी भित्र	-	-	प्रति घरको

				४०,०००।-

सडक अनुसार १ तल्ला माथिका सटरहरुको हकमा भने भुई तल्लाको सटर भन्दा ३०% कम हुनेछ ।
उद्योग व्यवसाय प्रति रोपनी प्रति वर्ष रू.२५,०००।-
कृषि व्यवसायिक प्रयोजन प्रति रोपनी प्रति वर्ष रू.१०,०००।-

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ अन्तर्गतका सडकहरूमा बनेका घरहरूको बहाल दररेट प्रति महिना

क्र.सं.	**सडकको नाम**	**व्यवसायिक (प्रति स्क्वायर फिट रू.)**	**आवासिय (प्रति स्क्वायर फिट रू.)**	**कैफियत**
१	पेप्सी ब्रम्हखेल	५०।-	२५।-	**५० मिटर दाँया बाँया सम्म**
२	माहान्टार तेजविनायक बाबाचोक चाँगु पुल सम्म	४०।-	२०।-	
३	बोडे नर्लिग	५०।-	२५।-	
४	का.म.न.पा.३२ खहरे वीरेन्द्र चोक मूलपानी सडक	५०।-	२५।-	
५	कागेश्वरी मनोहरा वडा नं ९ कार्यालय हुँदै वीरेन्द्र चोक प्रहरी कार्यालयसम्म	४०।-	२०।-	
६	गान्धी फोर्सपार्क तेजविनायक सडक	४०।-	२०।-	
७	थापा चोक तेजविनायक सडक	३०।-	१५।-	
८	हरहर महादेव फोर्सपार्क तेज विनायक	३०।-	१५।-	
९	बजरङ्गवली चोक फोर्सपार्क सम्म	३०।-	१५।-	
१०	हजुरको धारा गणेश स्थान	३०।-	१५।-	
११	अमरसिंह चोक (वडा कार्यालय) चापाबोट	३०।-	१५।-	
१२	राधाकृष्ण मन्दिर चापाबोट	३०।-	१५।-	
१३	लक्ष्मी नारायण चोक पिपलबोट राधाकृष्ण मन्दिर	३०।-	१५।-	
१४	पूर्ण विनायक हजुरको धारा	३०।-	१५।-	
१५	अमरसिंह चोक (वडा कार्यालय) बाट दक्षिण बोडे जाने सडक	३०।-	१५।-	
१६	बाल गीताञ्जली स्कूल देखि चालिसे दोबाटो हुँदै पेप्सी ब्रम्हखेल सडक	३०।-	१५।-	
१७	बाँकी कच्ची मोटर सडकहरू	२०।-	१०।-	

१८	गोरेटो बाटो	२०।-	१०।-	
१९	भित्री पिच सडक	३०।-	१५।-	
कृषि प्रयोजन प्रति रोपनी प्रति वर्ष रू.२०,०००।- र व्यवसायिक प्रति रोपनी प्रति वर्ष रू. ३०,०००।-				**जग्गा बहालको हकमा**
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ अन्तर्गतका सडकहरूमा रहेका घरहरुको बहाल दररेट प्रति महिना				
क्र.सं.	**सडकको नाम**	**व्यवसायिक (प्रति स्क्वायर फिट रू)**	**आवासिय (प्रति स्क्वायर फिट रू)**	**कैफियत**
१	वडा नं. ९ सिमाना देखि तेज विनायक हुँदै गौरीनाथ मन्दिर सम्म सडक	४०।-	२०।-	
२	वागमती कोरीडोर देखि मदन आश्रित प्रतिष्ठान	३०।-	१५।-	
३	वागमती कोरीडोरको बाटो	५०।-	२५।-	
४	बुद्धचोकबाट सेलिब्रेसन आउने मार्ग	३०।-	१५।-	
५	ॐ चोक, शिव चोक, किराँत चोक सडक	४०।-	२०।-	
६	आर्दशनगर विनायकवस्ती (नागरिक साकोस) का शाखा बाटो	३०।-	१५।-	
७	तेज विनायक गेटदेखि अधिकारी गाउँ मुलपानी ६ जाने सडक	३०।-	१५।-	
८	चाँपको बोटदेखि फिक्कल हुँदै अमरसिंह चोक सम्मको सडक	३०।-	१५।-	
९	ढुङ्गेधारा आनन्द नगरका भित्री सडक ४ मिटरका सडक	२०।-	१०।-	
१०	थामथली देखि फिक्कल जाने सडक	२०।-	१०।-	
११	तेज विनायक चोक देखि मदन आश्रित प्रतिष्ठान हुँदै एअरपोर्ट जाने सडक	३०।-	१५।-	
१२	विद्या विकास-सुशान्त मार्ग तथा चिप्लेगौडा जाने भित्री सडक	३०।-	१५।-	
१३	साबिक १ को भित्री सडक	२०।-	१०।-	
१४	रयाडर वडा ८ -एअरपोर्ट सडक	३०।-	१५।-	
१५	चाँपाबोट देखि तेज विनायक मन्दिर सम्मको सडक	३०।-	१५।-	
१६	गौरीनाथ चौक देखि अधिकारी टोल जाने बाटो	२०।-	१०।-	
१७	कागेश्वरी मनोहरा ८ का गोरेटो सडक	२०।-	१०।-	

१८	मुल सडक जग्गा भाडा दररेट प्रति रोपनी प्रति वर्ष व्यवसायिक प्रयोजन	वार्षिक रू.४०,०००।-		१०० मिटर दाँया वाँया
१९	जग्गा कृषि प्रयोजनमा प्रयोग भएको र अस्थायी टहरा निर्माणमा प्रयोग भएको जग्गाको भाडा दर प्रति रोपनी प्रति वर्ष	वार्षिक रू.२०,०००।-		
कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ अन्तर्गतका सडकहरुमा बनेका घरहरूको बहाल दररेट प्रति महिना				
क्र.सं.	**सडकको नाम**	**व्यवसायिक (प्रति स्क्वायर फिट रू)**	**आवासिय (प्रति स्क्वायर फिट रू)**	**कैफियत**
१	पेप्सी ब्रम्हखेल सडक	६०।-	३०।-	
२	खहरे वीरेन्द्रचोक सडक	५०।-	२५।-	
३	खहरे वडा कार्यालय महान्टार सडक	४०।-	२०।-	
४	खहरे ऱ्याडर सडक	४०।-	२०।-	
५	निलगिरी सनसिटी सडक	५०।-	२५।-	
६	महान्टार तेजविनायक सडक	३०।-	१५।-	
७	गान्धी चौकी मनोहरा मार्ग सडक	४०।-	२०।-	
८	सहायक पक्की मोटरबाटो	२०।-	१०।-	
९	कच्ची मोटर बाटो	१५।-	१०।-	
१०	गोरेटो बाटो	१५।-	१०।-	
११	वडा कार्यालय वीरेन्द्रचोक प्रहरी प्रभाग काँडाघारी सडक	३०।-	१५।-	
१२	वीरेन्द्र चोक मूलपानी सडक	५०।-	२५।-	
कृषि प्रयोजन प्रति रोपनी प्रति वर्ष रू.२०,०००।- व्यवसायिक प्रति रोपनी प्रति वर्ष रू.३०,०००।-				**जग्गाबहालको हकमा**

पुनश्चः-

घर वहाल कर असुल गर्दा न्युनतम ३ महिना भन्दा कम अवधिको असुल गरिने छैन र कोठाको क्षेत्रफल गणना गर्दा न्युनतम १०"१२ स्क्वायर फिट कायम गरी घर वहाल कर निर्धारण गरिनेछ । वडा नं. १-९ सम्मका सपिङ्ग कम्पलेक्स, होटल, हाउजिंग, बैंक, रेष्टुरेण्ट, पार्टी प्यालेस र व्यापारिक प्रयोजनका गोदाम र अन्यको हकमा सम्झौता पत्रलाई आधार मानिने(न.पा.ले तोकेको भन्दा कम भएकोमा न.पा.ले निर्धारण गरेकोलाई न्युनतम आधार मानि बहाल कर निर्धारण गर्ने)।

अनुसूची (४)

व्यवसाय कर दर रेट

यस बमोजिमको राजश्व शिर्षक नं १४६११ व्यवसाय कर शिर्षकमा दाखिला गर्नुपर्नेछ

क्र.सं.	विवरण	दररेट रू.	कैफियत
१	व्यापारिक वस्तु		
१.१	**मदिरा पसल**		
१.१.१	रक्सी बियरको डिस्ट्रिव्युटर	२५,०००।-	
१.१.२	रक्सी वियरको थोक पसल	१५,०००।-	
१.१.३	रक्सी वियरको खुद्रा पसल	१०,०००।-	
१.२	सुर्तीजन्य (धुम्रपान) पसल		
१.२.१	चुरोट, विडी, सुर्तिजन्य पदार्थको डिलर	१५,०००।-	
१.२.२	चुरोट, विडी, सुर्तिजन्य पदार्थको थोक पसल	८,०००।-	
१.२.३	चुरोट, विडी, सुर्तिजन्य पदार्थको खुदा्रा पसल	४,०००।-	
१.२.४	पान पसल	१०००।-	
१.३	**हल्का पेय पदार्थ पसल**		
१.३.१	हल्का पेय पदार्थको डिलर	१५,०००।-	
१.३.२	हल्का पेय पदार्थको खुद्रा पसल	५,०००।-	
१.४	**सुनचाँदी पसल**		
१.४.१	सुनचाँदी पसल/कारखाना "क" श्रेणी	२५,०००।-	रु १ करोड भन्दा बढी अधिकृत पुँजी भएको
१.४.२	मोतिमणिक्यको विभिन्न पथर (रुबी मुगा)	५,०००।-	
१.४.३	सुनचाँदी पसल/कारखाना "ख" श्रेणी	१५,०००।-	रु ५० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.४.४	सुनचाँदी पसल/कारखाना "ग" श्रेणी	५,०००।-	रु ५० लाख सम्म अधिकृत पुँजी भएको
१.४.५	चाँदी तामाको भाडा वनाउने(टकटके)	५०००।-	
१.५	**औषधि व्यवसाय**		
१.५.१	औषधी उद्योग	१,००,०००।-	
१.५.२	औषधि डिस्ट्रिव्युटर्स	१५,०००।-	
१.५.३	औषधि थोक तथा डिस्ट्रिव्युटर्स	१०,०००।-	
१.५.४	औषधि पसल (डाक्टर भएको)	५,०००।-	
१.५.५	औषधि पसल (डाक्टर नभएको)	२,०००।-	
१.५.६	अस्पतालमा प्रयोग विहिन सामान (प्लास्टिक जन्य सग्रह)	५,०००।-	
१.५.७	सर्जिकल सामानको बिक्री पसल	५,०००।-	
१.५.८	सर्जिकल सामानहरुको सप्लायर्स	१०,०००।-	

१.५.९	सर्जिकल सामाग्री उत्पादन	१५०००।-	
१.५.१०	स्यानिटाईजर उद्योग (थ्रिफेज लाईन)	१५०००।-	
१.५.११	स्यानिटाईजर माक्स सयुक्त(थ्रिफेज लाईन)	२००००।-	
१.५.१२	माक्स उद्योग	५०००।-	
१.५.१३	कृषि औषधि उद्योग	१००००।-	
१.६	**आयुर्वेदिक औषधि पसल**		
१.६.१	हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि थोक पसल	३,०००।-	
१.६.२	आयुर्वेदिक औषधि पसल	१,०००।-	
१.७	**एग्रोभेट पसल**		
१.७.१	एग्रोभेट थोक पसल	३,०००।-	
१.७.२	एग्रोभेट पसल	१,५००।-	
१.७.३	पशुपालन गाई/भैसी फर्म (१० वटा सम्म)	३,०००।-	
१.७.४	पशुपालन गाई/भैसी फर्म (१० वटा माथि)	५,०००।-	
१.७.५	पशुपालन बाख्रा फर्म (१० वटा सम्म)	५००।-	
१.७.६	पशुपालन बाख्रा फर्म (१० वटा माथि)	२,०००।-	
१.७.७	पोल्ट्री फर्म(हाँस,कुखुरा,वट्टाई) १००० वटा सम्म	२,०००।-	
१.७.८	पोल्ट्री फर्म(हाँस,कुखुरा,वट्टाई) १००० वटा माथि	५,०००।-	
१.७.९	टर्की, अष्ट्रीच, कालिज (पालन)फर्म	१०,०००।-	
१.७.१०	केनल एण्ड पेट शप	५०००।-	
१.७.११	केनल फर्म/क्लव	१५०००।-	
१.८	**स्टेशनरी तथा पुस्तक पसल**		
१.८.१	स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्युटर्स	५,०००।-	
१.८.२	स्टेशनरी तथा पुस्तक थोक पसल	४,०००।-	
१.८.३	स्टेशनरी तथा पुस्तक पसल	२,०००।-	
१.८.४	मुद्रण सामाग्री खरिद विक्री तथा कापी उद्योग	५,०००।-	
१.८.५	वडा नं. १ देखि ४ सम्मका स्टेशनरी तथा पुस्तक पसल	१,०००।-	
१.८.६	मसलन्द सामानको होलसेल सप्लायर्स	५,०००।-	
१.९	**डिपार्टमेन्टल स्टोर**		
१.९.१	डिपार्टमेन्टल स्टोर "क" श्रेणी	२५,०००।-	रू १ करोड भन्दा बढी अधिकृत पुँजी भएको
१.९.२	डिपार्टमेन्टल स्टोर "ख" श्रेणी	१५,०००।-	रू ५० लाख भन्दा बढी अधिकृत पुँजी भएको

१.९.३	डिपार्टमेन्टल स्टोर "ग" श्रेणी	५,०००।-	रू ५० लाख सम्म अधिकृत पुँजी भएको
१.१०	**पूजा सामाग्री पसल**		
१.१०.१	पूजा सामाग्री पसल "क" श्रेणी	१,०००।-	रू ५ लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.१०.२	पूजा सामाग्री पसल "ख" श्रेणी	५,००।-	रू ५ लाख सम्म अधिकृत पुँजी भएको
१.१०.३	ज्योतिष परामर्श	२,०००।-	
१.११	**कस्मेटिक पसल**		
१.११.१	कस्मेटिक थोक पसल	५,०००।-	
१.११.२	कस्मेटिक पसल	३,०००।-	
१.११.३	पोते माला उध्योग	५०००।-	
१.१२	**मोटर तथा मोटरसाईकल सोरुम तथा पाट्र्स विक्री पसल**		
१.१२.१	मोटरसाईकल सोरुम व्यवसाय दर्ता	१५०००।-	नया
१.१२.१	मोटर तथा मोटरसाईकल पाट्र्स सामान बिक्री "क" श्रेणी	१५,०००।-	रू ५० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.१२.२	मोटर तथा मोटरसाईकल पाट्र्स सामान बिक्री "ख" श्रेणी	१०,०००।-	रू ५० लाख सम्म अधिकृत पुँजी भएको
१.१२.३	मोटर वडी विल्डर्स	२५,०००।-	
१.१२.४	मोटरसाइकल रिकन्डिसन हाउस	५,०००।-	
१.१२.५	मोटर रिकन्डिसन हाउस	१०,०००।-	
१.१२.६	मोटर र मोटरसाइकल रिकन्डिसन हाउस	१५,०००।-	
१.१२.७	मोटर सोरुम	२५०००।-	
१.१३	**लुब्रिकेशन बिक्री पसल**		
१.१३.१	लुब्रिकेशन डिस्ट्रिव्युटर्स	१५,०००।-	
१.१३.२	लुब्रिकेशन थोक पसल	१०,०००।-	
१.१३.३	लुब्रिकेशन खुद्रा पसल	५,०००।-	
१.१४	**ऊर्जा**		
१.१४.१	डिजेल पेट्रोल ३ वटा भन्दा बढी नोजलबाट वितरण गर्ने भएको	१५,०००।-	
१.१४.२	डिजेल पेट्रोल २ वटा भन्दा बढी नोजलबाट वितरण गर्ने भएको	१०,०००।-	

१.१४.३	डिजेल पेट्रोल १ वटा भन्दा बढी नोजलबाट वितरण गर्ने भएको	५,०००।-	
१.१४.४	५०० थान भन्दा बढी ग्याँस सिलिन्डर भएको	५,०००।-	
१.१४.५	५०० वटा सम्म ग्याँस सिलिन्डर भएको	३,०००।-	
१.१४.६	२०० वटासम्म ग्याँस सिलिन्डर भएको	१,५००।-	
१.१४.७	२०० वटाभन्दा कम ग्याँस सिलिन्डर भएको	१,०००।-	
१.१४.८	सोलार प्यानल पसल "क" वर्ग	१५,०००।-	रू . ५० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.१४.९	सोलार प्यानल पसल "ख" वर्ग	१०,०००।-	रू. ५० लाख सम्म अधिकृत पुँजी भएको
१.१४.१०	हाईड्रोपावर कंपनीको सम्पर्क कार्यालय	५०००।-	
१.१५	**प्लाई तथा ग्लास हाउस**		
१.१५.१	प्लाई थोक बिक्रेता	१०,०००।-	
१.१५.२	प्लाई बिक्रेता	५,०००।-	
१.१५.३	ग्लास हाउस थोक ब्रिकेता	१०,०००।-	
१.१५.४	ग्लास हाउस विक्रेता	५,०००।-	
१.१५.५	वडा नं. १ देखि ४ सम्मका प्लाई तथा ग्लास पसल	३,०००।-	
१.१६	**कपडा तथा फेन्सी पसल**		
१.१६.१	कपडा, फेन्सी तथा व्याग थोक पसल	१०,०००।-	
१.१६.२	कपडा, फेन्सी तथा व्याग पसल	५,०००।-	
१.१६.३	वडा नं. १ देखि ४ सम्मका कपडा, फेन्सी तथा व्याग पसल	३,०००।-	
१.१६.४	जुत्ता तथा चप्पल पसल/उद्योग "क" श्रेणी	१०,०००।-	रू. १० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.१६.५	जुत्ता तथा चप्पल पसल "ख" श्रेणी	५,०००।-	रू. १० लाख सम्म अधिकृत पुँजी भएको
१.१६.६	जुत्ता चप्पल मर्मत गर्ने	५००।-	
१.१७	**धागो, टाँक र फस्नर पसल**		
१.१७.१	धागो, टाँक र फस्नर थोक पसल	२,५००।-	
१.१७.२	धागो, टाँक र फस्नर पसल	१,०००।-	
१.१८	**इलेक्ट्रोनिक बिक्री पसल**		
१.१८.१	मोवाइल कम्पनी सेल्स / डिस्ट्रिव्युटर्स	२५,०००।	
१.१८.२	इलेक्ट्रोनिक पसल "क" श्रेणी	१०,०००।-	रू. १० लाख भन्दा बढी अधिकृत पुँजी भएको

१.१८.३	इलेक्ट्रोनिक पसल "ख" श्रेणी	५,०००।-	रू. १० लाख सम्म अधिकृत पुँजी भएको
१.१८.४	इलेक्ट्रोनिक खुद्रा पसल	१,०००।-	रू. ३ लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.१८.५	रेडियो, घडी, क्यालकुलेटर मात्र बिक्री पसल	१,०००।-	
१.१८.६	अडियो, भिडियो, क्यासेट पसल	१,०००।-	
१.१८.७	मोबाइल विक्री पसल	५,०००।-	
१.१८.८	मोबाइल मर्मत तथा विक्री पसल	७,०००।-	
१.१८.९	कम्प्युटर सामाग्री विक्री पसल/सप्लायर्स	२०,०००।-	
१.१८.१०	कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर कंपनी	२५०००।	
१.१८.११	होम अपलाईन्स घरायसी सामाग्री सप्लायर्स	५०००।-	
१.१९	**विद्युतीय सामाग्री पसल**		
१.१९.१	विद्युतीय सामाग्री थोक पसल	१०,०००।-	
१.१९.२	विद्युतीय सामाग्री पसल	५,०००।-	
१.१९.३	विद्युत तथा प्लम्विङ सामान	७,५००।-	
१.२०	**हार्डवेयर/मेशिनरी/पेन्ट/सेनिटरी तथा मार्वल पसल**		
१.२०.१	हार्डवेयर मेशिनरी थोक पसल	१,००,०००।-	रू.१ करोड भन्दा बढी अधिकृत पुँजी भएको
१.२०.२	हार्डवेयर मेशिनरी पसल "क" श्रेणी	५०,०००।-	रू ५० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२०.३	हार्डवेयर मेशिनरी पसल "ख" श्रेणी	२५,०००।-	रू.२५ लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२०.४	हार्डवेयर मेशिनरी पसल "ग" श्रेणी	१०,०००।-	रू.१० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२०.५	हार्डवेयर मेशिनरी पसल "घ" श्रेणी	५,०००।-	रू.१० लाख भन्दा कम अधिकृत पुँजी भएको
१.२०.६	पेन्ट्सको आधिकारीक बिक्रेता	१०,०००।-	
१.२०.७	पेन्ट्सको बिक्री पसल	५,०००।-	
१.२०.८	मार्वल टायल्स र सेनिटरी पसल "क" श्रेणी	५०,०००।-	रू.५० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२०.९	मार्वल टायल्स र सेनिटरी पसल "ख" श्रेणी	२५,०००।-	रू.५० लाख भन्दा कम अधिकृत पुँजी भएको
१.२०.१०	पानी ट्याङकी गोदाम	१०,०००।-	
१.२०.११	पेन्ट्स उद्योग	५०,०००।-	

१.२०.१२	प्लास्टिकका सामानको गोदाम	१०,०००।-	
१.२०.१३	विभिन्न सामान राख्ने गोदाम	१०,०००।-	
१.२०.१४	किला काँटा कव्जाको सामाग्री विक्री गर्ने पसल	२०००।	
१. २१	**स्टिल, आल्मुनियमको भाडा पसल**		
१.२१.१	स्टिल, आल्मुनियमको भाडा पसल "क" श्रेणी	८,०००।-	रू.१० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२१.२	स्टिल, आल्मुनियमको भाडा पसल "ख" श्रेणी	४,०००।-	रू.१० लाख भन्दा कम अधिकृत पुँजी भएको
१.२१.३	टिनको वाकस बनाउने पसल	२,०००।-	
१. २२	**फ्लोरिङ तथा फर्निसिङ पसल**		
१.२२.१	फ्लोरिङ तथा फर्निसिङ पसल "क" श्रेणि	१५,०००।-	रू. २५ लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२२.२	फ्लोरिङ तथा फर्निसिङ पसल "ख" श्रेणि	१०,०००।-	रू.१० लाख भन्दा बढी अधिकृत पुँजी भएको
१.२२.३	फ्लोरिङ तथा फर्निसिङ पसल "ग" श्रेणि	५,०००।-	रू.१० लाख सम्म अधिकृत पुँजी भएको
१.२२.४	इन्टेरियर डिजाइनर	५,०००।-	
१.२३	**थोक तथा एजेन्सी**		
१.२३.१	विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरू	१०,०००।-	
२ .	**दैनिक उपभोगका वस्तु**		
२.१	**खाद्यान्न तथा किराना**		
२.१.१	खाद्यान्न सप्लायर्स	१०,०००।-	
२.१.२	आलु, प्याज, लसुन, अदुवा थोक बिक्रेता	५,०००।-	
२.१.३	आलु, प्याज, लसुन, अदुवा बिक्रेता	२,०००।-	
२.१.४	खाद्यान्न किराना थोक पसल	५,०००।-	
२.१.५	खाद्यान्न किराना पसल	२,०००।-	
२.१.६	वडा नं. १ देखि ४ सम्मका भित्री सडकमा रहेकका साना किराना पसल	१,०००।-	
२.१.७	चिया प्याकेजिङ	२,०००।-	
२.१.८	चाउमिन सस उद्योग	५०००।-	
२.१.९	खाद्यान्न सामाग्री उत्पादन तथा प्याकेजिङ(ग्लुकोज,कफि,मसला)	२,५००।-	
२.१.१०	तयारी खाध्यान्न वनाउने उध्योग चिप्स क्रेकर चिज वल आदि	५००००।-	रु२ करोड भन्दा वढि पुँजी भएको हकमा

२.२	सागसब्जी पसल	१,०००।-	
२.३	**सुती कपडाको मात्र पसल**		
२.३.१	सिरक, डसना, तन्ना, र त्यसको खोल थोक पसल	५,०००।-	
२.३.२	सिरक, डसना, तन्ना, र त्यसको खोल पसल	२,०००।-	
२.३.३	सटिङ सुटिङ तथा टेलरिङ समेत	१०,०००।-	
२.४	**विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा**		
२.४.१	निजी सेवा संचालन गर्ने कन्सल्टेन्ट डाक्टर	२,०००।-	
२.४.२	निजी सेवा संचालन गर्ने मेडिकल अफिसर	१,०००।-	
२.४.३	निजी सेवा गर्ने कविराज	१,०००।-	
२.४.४	होमियोपेथिक डाक्टर	१,०००।-	
२.४.५	कन्सलटेन्सी / ईमिग्रेसन सेवा	५०००।-	
२.५	**कन्सल्ट्याण्ट सेवा**		
२.५.१	इन्जिनियरिङ परामर्श सेवा	१०,०००।-	
२.६	**कानून व्यवसायी**		
२.६.१	ल फर्म तथा कानून परामर्श सेवा	३,०००।-	
२.७	**लेखा परीक्षण व्यवसाय तर्फ**		
२.७.१	लेखा परीक्षण (सि.ए.)	१५,०००।-	
२.७.२	लेखा परीक्षण (आर.ए. ख श्रेणी)	५,०००।-	
२.७.३	लेखा परीक्षण (आर.ए. ग श्रेणी)	३,०००।-	
२.७.४	लेखा परीक्षण (आर.ए.घ श्रेणी)	२,०००।-	
२.८	**दन्त चिकित्सक सेवा**		
२.८.१	डेन्टल सेवा "क" श्रेणी	५,०००।-	२ वटा भन्दा बढी वेडको सेवा भएको
२.८.२	डेन्टल सेवा "ख" श्रेणी	२,०००।-	२ वटा सम्म वेडको सेवा भएको
२.९	**अनुसन्धानकर्ता तथा सेवा परामर्शदाता**		
२.९.१	अनुसन्धानकर्ता तथा सेवा परामर्शदाता	५,०००।-	
२.९.२	कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर	५,०००।-	
२.९.३	विमा एजेन्ट	२,०००।-	
२.९.४	सर्भेयर	२,०००।-	
२.९.५	नोटरी पब्लिक अनुवादक	२,०००।-	
२.९.६	पशु चिकित्सक	१,०००।-	
२.९.७	शेयर दलाल	२,०००।-	
२.९.८	ढुवानी कम्पनी तथा टान्सपोर्ट व्यवसाय	५,०००।-	

२.९.९	निकासी पैठारी व्यवसाय दर्ता	१०,०००।-	
२.९.१०	संस्थागत पेन्टर	३,०००।-	
३ .	**भवन निर्माण व्यवसाय कर**		
३.१	मिक्स्चर मात्र भएको व्यवसाय	५,०००।-	
३.२	भवन निर्माण व्यवसायी फर्म	५,०००।-	
३.३	भवन निर्माण व्यवसाय फर्म एण्ड सप्लायर्स	१००००।-	
३.४	रेडिमिक्स कंक्रिट व्यवसाय	२५,०००।-	
३.५	मिक्चर र सटरिङ सामान भएको	७,५००।-	
३.६	वाटर ड्रिलिङ(डिप)	५,०००।-	
३.७	वाटर ड्रिलिङ(स्यालो)	२,५००।-	
३.८	ईनार वनाउने रिङ कारखाना दर्ता	१०,०००।-	
३.९	कंक्रिट होलो व्लक कारखाना दर्ता	१०,०००।-	
३.१०	ढुँगाको टायल बिक्री	१०,०००।-	
३.११	सिमेन्टको टायल उत्पादन / बिक्री	१०,०००।-	
३.१२	हाउजिङ तथा प्लानिङ(२ करोडसम्मको पुँजीमा)	५००००।-	
३.१३	हाउजिङ तथा प्लानिङ(२ करोडमाथि पुँजीमा)	१०००००।-	
३.१४	मुद्रण निर्माण सामाग्री होटल ठेक्कापट्टा घर जग्गा आदि एक भन्दा वढी व्यवसायिक कारोवार	४००००।-	
४ .	**उत्पादनमूलक उद्योग**		
४.१	प्लाष्टिक उद्योग/ पि.भि.सि. / पोलिथिन पाइप उद्योग	१,००,०००।-	
४.२	चप्पल उद्योग	५०,०००।-	
४.३	ड्राइङ उद्योग	५०,०००।-	
४.४	कपडा ड्राइङ उद्योग	१०,०००।-	
४.५	ज्याकेट तथा व्याग उद्योग	१०,०००।-	
४.६	साबुन उद्योग	१०,०००।-	
४.७	गलैचा उनि धागो प्रसोधन/गलैचा डाईङ उद्योग	५०,०००।-	
४.८	गलैचा उद्दयोग ५ तान सम्म	५,०००।-	
४.९	गलैचा उद्दयोग ५ तान भन्दा माथि	२०,०००।-	
४.१०	ह्यूम पाइप उद्योग	५०,०००।-	
४.११	प्लाष्टिकको जार/बोतल/बिर्को/ह्यागर वनाउने उद्योग	१०,०००।-	
४.१२	मिनिरल वाटर बोत्तल Re-cycle, Re-use फ्याक्ट्री	५,०००।-	
४.१३	कार्टुन कागजको Re-cycle	५,०००।-	

४.१४	इको ब्लक इको प्लानिङ कम्पनी	१०,०००।-	
४.१५	वाशिङ उध्योग(बार्षिक संचालन)	१०००००००।-	
४.१६	गार्मेन्ट उध्योग(पुँजी नखुलेको हकमा)	२५०००।-	
४.१७	गार्मेन्ट उध्योग(पुँजी खुलेको हकमा १ करोड माथि)	५००००।-	
४.१८	पेपर उध्योग(टिस्यु तथा नेपकिन पेपर,पेपर कप,)	१००००।-	
४.१९	ग्याविन तारजाली बुन्ने तथा विक्री वितरण	५०००।-	
४.२०	उन कपास र कपडा पेल्ने उद्योग	१५,०००।-	
४.२१	पश्मिना उद्योग(१० तान सम्म)	१५,०००।-	
४.२२	पश्मिना उद्योग(१० तान माथि)	३०,०००।-	
४.२३	म्याट्रेस वनाउने कारखाना	१५,०००।-	
४.२४	सरसफाई सामाग्री (लिक्विड सोप हार्पिक फिनेल)उत्पादन तथा विक्री वितरण	५०००।-	
४.२५	विग्स(कपाल) उत्पादन तथा विक्री वितरण	१००००००।-	
५.	ग्रील आल्मुनियम झ्याल ढोका उद्योग		
५.१	स्टील, आल्मुनियम, ग्रीलको झ्याल ढोका वनाउने उद्योग	२५,०००।-	
५.२	फलामको ग्रील व्यवसाय	५,०००।-	
५.३	आल्मुनियमको झ्याल ढोका बनाउने कारखाना/पसल	१५,०००।-	
५.४	UPVC उद्योग	१०,०००।-	
६.	**कृषि फर्म तथा पशु आहार उद्योग**		
६.१	कृषि फर्म(५ रोपनी भन्दा माथि)	१०,०००।-	
६.२	पशुपन्छी आहार उद्योग	१०,०००।-	
६.२	पशु आहर बिक्री केन्द्र	२,०००।-	
६.३	कृषिजन्य व्यवसाय दर्ता (साना)	२,०००।-	
६.४	फलफुल तथा तरकारी व्यवसाय दर्ता	१,०००।-	
६.५	घरेलु कुटिर उद्योग (ह्यान्डिक्राफ्ट)	२,०००।-	
६.६	अगरवत्ती उद्योग	१,०००।-	
६.७	मैनवत्ती उद्योग	१,०००।-	
६.८	अचार उद्योग	१,०००।-	
६.९	अन्य कुटिर उद्योग	१,०००।-	
६.१०	लोक्ता उद्योग	१,०००।-	
६.११	साधारण परम्परागत आरन (कृषी औजार)उद्योग	निःशुल्क	
६.१२	आधुनिक प्रविधियुक्त आरन (कृषी औजार)उद्योग	१०,०००।-	

६.१३	कृषि औजार व्यवसाय	२०००।-	
६.१४	ह्याचरी उध्योग(सवै प्रकारका चल्ला उत्पादन)१००० वटा सम्म	५०००।-	
६.१५	ह्याचरी उध्योग(सवै प्रकारका चल्ला उत्पादन)१००० वटा माथि	७०००।-	
७	पेय पदार्थ उत्पादन उद्योग		
७.१	मिनरल वाटर उद्योग	१०,०००।-	
७.२	पानी सप्लायर्स	२५,०००।-	
७.३	आइसक्रिम उद्योग	५,०००।-	
७.४	वाटर पियुरीफाई घरायसी पानी प्रशोधन	५०००।-	
८	**कुटानी, पिसानी मिल**		
८.१	फ्लावर मिल	१,०००।-	
८.२	सेलर मिल	१,०००।-	
८.३	तेल मिल	२,०००।-	
८.४	कुटानी, पिसानी मिल (होलर समेत)	२,०००।-	
८.५	मसला, चिउरा मिल	१,०००।-	
९	**डेरी उद्योग**		
९.१	डेरी उद्योग	५,०००।-	
९.२	डेरीजन्य सामाग्री पसल	२,०००।-	
१०	**उपभोग्य वस्तु उत्पादन उद्योग**		
१०.१	कुकिज/पाउरोटी/ नुडल्स उद्योग	५,०००।-	
१०.२	कुकिज/पाउरोटी/ नुडल्स पसल	२,०००।-	
१०.३	कन्फेक्सनरी उद्योग	५,०००।-	
१०.४	कन्फेक्सनरी पसल	२,०००।-	
१०.५	वेकरी उद्योग	५,०००।-	
१०.६	वेकरी पसल	२,०००।-	
१०.७	ससेज उद्योग	१०,०००।-	
१०.८	दालमोठ उद्योग	५,०००।-	
१०.९	चिप्स/लेजकोसप्लायर्स	३,०००।-	
११ .	**कृषि तथा वनजन्य उद्योग**		
११.१	स-मिल/प्लाइउड उद्योग	१,००,०००।-	
११.२	**काठ बिक्री डिपो**		
११.२.१	काठ बिक्री डिपो	२५,०००।-	

११.२.२	काठको फर्निचर / शोरुम (२० लाख पुँजी सम्म)	१५,०००।-	झ्याल ढोका चौकोस समेत
११.२.३	काठको फर्निचर/ शोरुम (२० लाख पुँजी माथि)	३०,०००।-	झ्याल ढोका चौकोस समेत
११.३	फाइबर उद्योग/ शोरुम	२०,०००।-	
११.४	वेतवाँसको उद्योग/ शोरुम	५,०००।-	
११.५	नर्सरी(दुबो खेती समेत)	३,०००।-	
११.६	फूल(पुष्प) पसल	१,०००।-	
११.७	पशु वधशाला	१५,०००।-	
११.८	पशु वध तथा बिक्री	१०,०००।-	
११.९	माछा, मासु बिक्री पसल	५,०००।-	
११.१०	अन्डा बिक्री पसल	१,०००।-	
११.११	कृषक समुह दर्ता/नविकरण	५००।-	
११.१२	कोल्डस्टोर (फलफुल तथा तरकारी चिस्यान केन्द्र)	१०,०००।-	
१२ .	**पर्यटन उद्योग**		
१२.१	पार्टी प्यालेस/ व्याङ्केट	१०,०००।-	
१२.२	सुविधा सहितको होटल /रिसोर्ट "क" श्रेणी	३,००,०००।-	रू.२५ करोड भन्दा बढी पुँजी भएको
१२.३	सुविधा सहितको होटल/ रिसोर्ट "ख" श्रेणी	२,००,०००।-	रू.१५ करोड भन्दा बढी पुँजी भएको
१२.४	सुविधा सहितको होटल /रिसोर्ट "ग" श्रेणी	१,००,०००।-	रू.१० करोड भन्दा बढी पुँजी भएको
१२.५	सुविधा सहितको होटल /रिसोर्ट "घ" श्रेणी	५०,०००।-	रू.५ करोड भन्दा बढी पुँजी भएको
१२.६	सुविधा सहितको होटल/रेष्टुरा	२५,०००।-	रू.१ करोड भन्दा बढी पुँजी भएको
१२.७	ट्रेकिङ कंपनी व्यवसाय दर्ता	१०,०००।-	
१२.८	होम स्टे संचालन	१०००।-	
१३ .	**खाद्य तथा खाद्य सेवा उद्योग**		
१३.१	**फास्टफुड तथा क्याफे**		
१३.१.१	फास्टफुड तथा क्याफे "क" श्रेणी	१५,०००।-	रू.२५ लाख भन्दा बढी पुँजी भएको
१३.१.२	फास्टफुड तथा क्याफे "ख" श्रेणी	१०,०००।-	रू.२५ लाख भन्दा कम पुँजी भएको
१३.२	रेष्टुराँ दोहोरी साँझ/डान्स बार सहित	२०,०००।-	
१३.३	होटेल एण्ड लज	१०,०००।-	
१३.४	होटल /भोजनालय	२,०००।-	रू १ लाख भन्दा बढी पुँजी भएको
१३.५	मिष्ठान्न भण्डार	२,०००।-	

१३.६	क्याटरिङ "क" श्रेणी	१०,०००।-	रू १० लाख भन्दा बढी पुँजी भएको
१३.७	क्याटरिङ "ख" श्रेणी	५,०००।-	रू १० लाख भन्दा बढी पुँजी भएको
१३.८	सामान्य चिया नास्ता पसल (स्वरोजगार)	५००।-	रू १ लाख भन्दा बढी पुँजी भएको
१३.९	पानीपुरी/ चटपटे पसल	१,०००।-	
१४ .	**सेवा उद्योग**		
१४.१	व्याण्ड बाजा	१,०००।-	
१४.२	पञ्चेवाजा/बैण्डबाजा	२,०००।-	
१४.३	स्क्रिन प्रिन्ट प्रेश	२,०००।-	
१४.४	लेजर प्रिन्ट प्रेश	३,०००।-	
१४.५	अफसेट प्रिन्टिङ प्रेश	५,०००।-	
१४.६	फ्लेक्स र व्यानर	१,५००।-	
१४.७	सिनेमा हल/हाईभिजन	५,०००।-	
१४.८	कलर ल्याव सेवा	५,०००।-	
१४.९	भिडियो मिक्सिङ	५,०००।-	
१४.१०	फोटो स्टुडियो सेवा	२,०००।-	
१४.११	टुर ट्राभल सेवा(मुलुक भित्र मात्र)	५,०००।-	
१४. १२	टुर ट्राभल सेवा(विदेश समेत)	१०,०००।-	
१४ .१३	फोटोकपी/ साइवर क्याफे	२,५००।-	
१४. १४	कुरियर सेवा	२०००।-	
१४. १५	Online shopping	१०,०००।-	
१४.१६	म्यारिज स्टेशन	५०००।-	
१४.१७	क्लिनिङ सर्भिस	३०००।-	
१४.१८	धर्मकाँटा व्यवसाय	५०००।-	
१४.१९	ईभेन्ट म्यानेजमेन्ट	५०००।-	
१४.२०	विध्युतिय प्रयोजनमा प्रयोग हुने किला उत्पादन	५०००।-	
१४.२१	वेटर/होम केयर/नर्सिङ केयर	५०००।-	
१५.	**सञ्चार सेवा**		
१५.१	टेलिफोन, मोवाइल, इन्टरनेट सेवा प्रदायक कम्पनी	१०,०००।-	
१५.२	केवल च्यानल प्रसारण	१०,०००।-	
१५.३	एफ एम प्रसारण सेवा १०० के भी सम्म	१०,०००।-	
१५.४	सञ्चार टावर	२०,०००।-	प्रति टावर

१५.५	मल्टिमिडिया हाउस प्रा ली	५,०००।-	
१५.६	साइवर	२,०००।-	
